नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

२२ भदौ, २०८२

# प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ऐतिहासिक दोस्रो विधान महाधिवेशन पार्टी अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रस्ताव, उपाध्यक्ष विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत विधान संशोधन प्रस्ताव र महासचिव शंकर पोखरेलद्वारा प्रस्तुत संगठनात्मक प्रस्ताव सर्वसम्मत रूपमा पारित गर्दै अत्यन्त सफलतापूर्वक आज सम्पन्न भएको छ ।

ललितपुरको गोदावरीस्थित सनराइज हलमा भदौ २० गते पार्टी अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले एक विशेष र भव्य समारोहबीच उद्‌घाटन गर्नुभएको विधान महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रतिवेदन, विधान संशोधन सम्बन्धी प्रस्ताव, सांगठनिक प्रतिवेदनका साथै केन्द्रीय निकायका चारवटा प्रतिवेदनहरू सर्वसम्मतरूपमा पारित गरी सम्पन्न भएको छ ।

विधान महाधिवेशनमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन सम्बन्धी प्रस्ताव र महासचिव शंकर पोखरेलले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहोरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव वडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले आ–आफ्ना निकायका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

माथि उल्लेखित तीनवटा दस्तावेजहरू सातवटा प्रतिवेदनहरूमाथि छलफल गरी सुझाव प्रस्तुत गर्न दशवटा समूह निर्माण गरिएको थियो । ती समूहहरूमा खासगरी राजनीतिक प्रतिवेदन, विधान संशोधन प्रस्ताव र सांगठनिक प्रतिवेदनमाथि अत्यन्त सौहार्दपूर्ण वातावरणमा घनिभूत छलफल भएको थियो । छलफलपछि सबै समूहबाट टोली नेताहरूले सुझाव प्रस्तुत गर्नुभएको थियो । सुदूरपश्चिम समूहबाट पार्टीका प्रदेश कमिटी अध्यक्ष कृष्णप्रसाद जैसी, कर्णाली प्रदेश समूहबाट प्रदेश अध्यक्ष गुलावजंग शाह, लुम्बिनी प्रदेश समूहबाट प्रदेश अध्यक्ष राधाकृष्ण कँडेल, गण्डकी प्रदेश समूहबाट प्रदेशका का.बा. अध्यक्ष मीनप्रसाद गुरुङ, बाग्मती प्रदेश समूहबाट

प्रदेश अध्यक्ष कैलाश ढुंगेल, मधेश प्रदेश समूहबाट प्रदेश अध्यक्ष चन्द्रश्वर मण्डल, कोशी प्रदेश समूहबाट प्रदेश अध्यक्ष घनश्याम खतिवडा, केन्द्रीय निकाय, विभाग र केन्द्रीय कार्यालय समूहबाट केन्द्रीय लेखा आयोगका सचिव शिव अधिकारी, सल्लाहकार तथा आयोजक समूहबाट केन्द्रीय सदस्य चुडामणि जंगली र उपत्यका, जनसंगठन, सम्पर्क कमिटी तथा प्रवास कमिटी समूहका तर्फबाट भक्त गुरूङले आआफ्ना समूहका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

समूहगत प्रस्तुतिपछि अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदनमा उठेका जिज्ञासा, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन सम्बन्धी प्रस्ताव र महासचिव शंकर पोखरेलले सांगठनिक प्रतिवेदनमाथिका सुझाव र जिज्ञासाका बारेमा जवाफ दिनुभएको थियो ।

प्रतिवेदनमाथि प्रतिनिधिहरूले राखेका जिज्ञासाको जवाफ दिँदै अध्यक्ष ओलीले जनताको बहुदलीय जनवाद देशलाई हरेक क्षेत्रमा बाटो देखाउने मार्गदर्शक सिद्धान्त भएको स्पष्ट गर्नुभयो । उहाँले मार्क्सवादलाई पार्टीले जबजका रूपमा कार्यान्वयन गर्न चाहेको र गरिरहेको बताउनुभयो ।

महाधिवेशनमा प्रस्तुत प्रतिवेदनको संक्षिप्त चर्चा गर्दै टेडिसनल जार्गनहरूको प्रयोग गरेर होइन, जबज सिद्धान्त हो, मूल कानुन होइन, यो मार्गदर्शक सिद्धान्त हो, जबजको मार्गदर्शनमा समाजवादका आधार तयार गर्दै अगाडि बढ्दैछौं, यस्तै परिस्थिति, कार्यनीति, रणनीतिसहित स्पष्ट भिजन राखेर हामी अगाडि बढनेछौं ।

अध्यक्ष ओलीले पार्टी निर्माणको काम गर्दा विग्रेका मानिसहरूसँग एकता खोज्दै हिड्नु आवश्यक नरहेको भन्नुहुँदै पार्टीका सही नीति र विचारलाई जनतामा पुर्‍याएर पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो ।

विधान संशोधन सम्बन्धी प्रस्तावका बारेमा सविस्तार प्रष्ट पार्दै उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जनताको बहुदलीय जनवादबाट एमाले 'डिरेल' भयो भनी भ्रम सिर्जना गर्न प्रायोजित प्रचार गरिएको भन्दै त्यो निन्दनीय भएको बताउनुभयो ।

उहाँले विधानको प्रस्तावनामा राखिएको नेपाली मौलिकता र विशेषतामा आधारित समाजवादका बारेमा स्पष्ट गर्दै नेपालले अन्य मुलुकका समाजवादको नक्कल नगर्ने बताउनुभयो ।

उपाध्यक्ष पौडेलले पार्टी सही नीति, सक्षम तथा भरोसायोग्य नेतृत्वका साथ अगाडि बढिरहेको बताउँदै पार्टीका नीतिलाई राष्ट्रका नीतिमा अनुदित गर्न मिसन-२०८४ मा अध्यक्ष केपी शर्मा

ओलीको नेतृत्वमा बहुमतको सरकार गठन गर्नु आवश्यक रहेको हुँदा सोही उत्साह र आत्मविश्वासका साथ फर्कन सहभागी प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो ।

महासचिव शंकर पोखरेलले सांगठनिक प्रतिवेदनमाथि आएका सुझावका लागि धन्यवाद दिनुका साथै जिज्ञासाको जवाफ दिनुभएको थियो । सो क्रममा उहाँले जनताको बहुदलीय जनवादलाई अझ विकसित र समुन्नत बनाउँदै पार्टी अगाडि बढ्ने बताउनुभयो । जबजले दिशानिर्देश गरे बमोजिम पार्टी निर्माणमा लोकतान्त्रिकरणको अगुवाई पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्नुभएको महासचिव पोखरेलले स्पष्ट गर्नुभयो । महासचिव पोखरेलले पार्टी निर्माणको केन्द्रविन्दु मिसन २०८४ हुनुपर्ने र पार्टीलाई आगामी निर्वाचनमा एकल बहुमत दिलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नुपर्ने अभिभारामा जोड दिनुभयो ।

उहाँले राजनीतिक प्रतिवेदन पारित भएपछि त्यसको आधारमा र प्राप्त सुझावका आधारमा अन्य प्रतिवेदनहरू परिमार्जन र परिस्कृत गरिने स्पष्ट गर्नुभयो ।

विधान महाधिवेशनले डा. विजय सुब्बा अध्यक्ष रहेको केन्द्रीय निर्वाचन आयोग सर्वसम्मत निर्वाचित गरेको छ । २५ सदस्यीय निर्वाचन आयोगमा सानुराज पोखरेल उपाध्यक्ष, कुन्साङ लामा सचिव र सदस्यहरूमा समिर नेपाल, टंकप्रसाद उप्रेती, चन्द्रलाल क्याप्छाकी मगर, कृष्णकुमारी गुरूङ, काशीचन्द्र बराल, डा. हरिप्रसाद भण्डारी, सुर्यबहादुर शाही, भूराज राई, भरत पोखरेल, हिराचन्द्र केसी, लोकबहादुर थापा, केशव आचार्य, दमन तामाङ, झविलाल पोखरेल, नर्मदा भण्डारी, विमला विक, अर्चना गहतराज, शर्मिला गुरूङ, नारायणी शर्मा, रचनाराज उपाध्याय, हेमकला गैरे, बिनादेवी शाह हुनुहुन्छ ।

महाधिवेशनले समसामयिक प्रस्ताव मस्यौदा समितिको तर्फबाट पार्टीका सचिव योगेश भट्टराईले प्रस्तुत गर्नुभएको विभिन्न राष्ट्रिय/अन्तर्राष्टिय महत्वका समसामयिक २९ बुँदे प्रस्ताव पारित गरेको छ, पारित प्रस्तावहरू यसप्रकार छन्:

**समसामयिक प्रस्तावहरू**

निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प, समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्यको मूल नारासहित सम्पन्न नेकपा (एमाले) दोस्रो विधान महाधिवेशन (२०-२२ भदौ २०८२ गोदावरी, ललितपुर)ले राष्ट्रियता, राजनीतिक स्थायित्व, सुशासन र विकास, आर्थिक, वातावरण एवं

जनसरोकारका विभिन्न विषयमा समसामयिक प्रस्तावहरू माथि गम्भीर छलफल गरी पारित गरेको छ ।

१. यो महाधिवेशन राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र सामाजिक आर्थिक रूपान्तरणको आन्दोलन र क्रान्तिमा सङ्लग्न हुने क्रममा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको आदर्शलाई निरन्तर अनुशरण गरिरहने संकल्प गर्दछ ।

२. यो महाधिवेशन पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी, प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीलगायत आन्दोलनका अग्रज कमरेडहरूप्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धासुमन अर्पण गर्दछ ।

३. दशौं महाधिवेशनयता दिवंगत हुनुभएका पार्टी उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ, पूर्वस्थायी कमिटी सदस्य प्रदीप नेपाल, पोलिटब्युरो सदस्य बालकृष्ण ढुङ्गेल, लेखा आयोगका सदस्य खम्ब खत्री, केन्द्रीय सल्लाहकार परिषद् सदस्यहरू इन्दिरा चापागाई, भोजराज ढुङ्गेल, रामबहादुर दानी, रामचन्द्र चापागाई, धर्मनाथ यादव, महेश चौधरी, डा. ऋतुराज गड्तौला, देवी पोखरेल, बालकृष्ण भट्टराई, बालकृष्ण मैनाली, मोहन विश्वकर्मा, त्रिरत्न शाक्य, बैकुण्ठनाथ दहाल, गणेश पौडेल, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यहरू ऐना गिरी, चित्रबहादुर कार्की, रामचन्द्र थपलिया, कालीचन्द्र साह, पूर्व सांसदहरू विदुर सापकोटा र यज्ञराज न्यौपाने, पार्टीका अग्रज व्यक्तित्व छत्रबहादुर बोहरा, महिला कार्यकर्ता कमरेड विमला महत, लुम्बिनी प्रदेशसभा सदस्य तथा नेतृ सरिता पुन लगायत यसबीचमा दिवंगत हुनुहुने कमरेडहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

४. यो विधान महाधिवेशन गत असार २४ गतेको अविरल वर्षा र बाढीले रसुवामा जनधनको ठूलो क्षति पुऱ्याएको छ । बाढी पहिरोले कैयौँ व्यक्तिको ज्यान गएको छ भने कतिपय व्यक्ति अझै पनि वेपत्ता छन् । बाढीले नेपाल र चीनलाई जोड्ने मितेरी पुल बगाउनुका साथै सुख्खा बन्दरगाहमा राखिएका दर्जनौँ गाडी, कन्टेनर र भौतिक संरचनामा क्षति पुऱ्याएको छ । यसबाहेक देशका विभिन्न भूभागमा प्राकृतिक विपत्तिले ठूलो क्षति पुऱ्याएको छ । यस विधान महाधिवेशन यस क्षतिप्रति गहिरो चिन्ता व्यक्त गर्दै पीडितहरूलाई राहत र ध्वस्त संरचनाहरूको पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गर्दछ । मितेरी पुल

यथाशीघ्र निर्माणका लागि मित्र राष्ट्र चीनसँग आवश्यक समन्वय र कूटनीतिक पहलका लागि आह्वान गर्दछ ।

५. यो विधान महाधिवेशन किसानहरूले धान खेतीमा आवश्यक पर्ने रासायनिक मल पर्याप्त मात्रामा पाउन नसकेको गुनासो प्रति गम्भीर रहेको छ । त्यसैगरी दुध उत्पादक किसानहरूलाई दुग्ध विकास संस्थान र निजी डेरीहरूले भुक्तान गर्नुपर्ने ३ अर्बभन्दा बढी बक्यौता अझै बाँकी रहेको र यसले किसानहरूलाई निकै मर्कामा पुऱ्याएको गुनासो प्रति पार्टी गम्भीर छ साथै उखु किसानहरूको सरोकारप्रति पनि पार्टी गम्भीर छ । नेपाली किसानहरूले भोग्नुपरेका यी लगायत यावत् समस्याहरूको तदारूकताकासाथ समाधान गर्न, नेपाली किसानहरूको जीवनस्तर माथि उठाउन र खाद्य सुरक्षा प्रत्याभूत गर्न सरकारसमक्ष आह्वान गर्दछ ।

६. यो महाधिवेशन पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले 'साङ्घाई सहयोग संगठनको शिखर सम्मेलनको सहभागिता र मित्रराष्ट्र चीन भ्रमण (१४-१८ भदौ, २०८२) मा रहँदा चीनका राष्ट्रपति सी चिन् फिङसँग नेपाली भूमी लिपुलेकलाई भारतसँग व्यापारिक मार्गको रूपमा प्रयोग गर्ने भनी गरिएको सम्झौताप्रति असहमति जाहेर गर्दै उपलब्ध भएका प्रमाण, तथ्य, नक्साका आधारमा उक्त भूमी नेपालको भएको दाबी प्रस्तुत गर्दै राष्ट्रिय स्वाधीनतालाई अन्तर्राष्ट्रिय जगतमा प्रष्ट पारी मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र सीमाका बारेमा राख्नुभएको अडानले मुलुकको शिर उँचो बनाएको ठहर गर्दछ । साथै यसक्रममा रूसलगायत विभिन्न देशका सरकार तथा राष्ट्रप्रमुखहरूसँग भएको द्विपक्षीय भेट र त्यसक्रममा व्यक्त प्रतिबद्धताहरूले नेपालको प्रतिष्ठालाई थप उँचो बनाएको महसुस भएको छ ।

७. नेपाली जनताको बलिदानपूर्ण संघर्षको जगमा नेकपा (एमाले)को मुख्य अगुवाइमा जारी भएको संविधान कार्यान्वयन, संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, आर्थिक–सामाजिक रूपान्तरण, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षाको कार्यान्वयन, सामाजिक न्याय र राष्ट्रिय एकताको सवलीकरण, अन्तर्राष्ट्रिय समुदायमा नेपाल राष्ट्रको पहिचान र गौरवको प्रवर्द्धन, आमजनसमुदायमा क्रान्तिकारी आशावादको जागृति, बलियो र प्रभावकारी राज्यमार्फत् सुशासनको प्रत्याभूति, औद्योगिक तथा लगानीमैत्री वातावरणको सिर्जना, उद्यमशीलताको प्रवर्द्धनमार्फत् रोजगारी सिर्जना लगायतका क्षेत्रमा अनुभूत गर्ने

परिणाम निकाल्न नेकपा (एमाले)को नेतृत्वमा बहुमतप्राप्त बलियो र स्थिर सरकार आजको राष्ट्रिय माग हो । यो अभिभाराको सफल कार्यान्वयनका लागि २०८४ को निर्वाचनमा नेकपा (एमाले)को विजय अनिवार्य छ । विगतका कमजोरीलाई सच्याउँदै, बाह्य चुनौतीलाई परास्त गर्दै आन्तरिक एकतालाई मजबुद बनाउँदै 'मिसन - ०८४' मा सार्थक परिणाम निकाल्न यो महाधिवेशन संकल्प गर्दछ ।

८. नेपालको वामपन्थी एवं लोकतान्त्रिक आन्दोलनको मूल धार नेकपा (एमाले) हो । नेकपा (एमाले) एकता र एकीकरणको मुख्य बाहक हो । जनताको बहुदलीय जनवादको सैद्धान्तिक आलोकमा, सुदृढ संगठन र प्रभावशाली नेतृत्वको वरिपरि सिंगो वामपन्थी जनमत ध्रुवीकृत हुनु आजको आवश्यकता हो । यही राष्ट्रिय कार्यभारलाई मनन गर्दै वामपन्थी विचारधारामा विश्वास गर्ने आम जनसमुदायलाई नेकपा (एमाले)मा गोलबन्द हुन यो विधान महाधिवेशन हार्दिक आह्वान गर्दछ ।

९. यो महाधिवेशन नजिकिँदै गएका चाड पर्वहरू दशैं, तिहार, छठ, नेपाल सम्वत्‌लगायतमा हुनसक्ने महङ्गी र कालाबजारी नियन्त्रण गर्दै जनतालाई अति आवश्यक उपभोग्य वस्तुको सर्वसुलभ र सहज आपूर्तिका लागि सरकारको ध्यानाकर्षण गराउँदछ ।

१०. यो महाधिवेशन पहाडबाट तराई, गाउँबाट सहर, सहरबाट विदेशतर्फ भइरहेको बसाइँसराइँप्रति गम्भिर चिन्ता व्यक्त गर्दछ । यसबाट भविष्यमा सामाजिक, आर्थिक तथा राजनीतिक असन्तुलन उत्पन्न हुनेछ । तसर्थ आन्तरिक र बाह्य बसाइसराइको समस्याको समाधान गर्न तीन तहकै सरकारले तत्काल सार्थक पहल लिन गम्भिर ध्यानाकर्षण गर्दछ । जनसंख्या बृद्धिको ऋणात्मक र लैङ्गिक असन्तुलनले ल्याउने नकारात्मक परिणामप्रति बेलैमा सचेत भएर उपयुक्त नीति तर्जुमा गर्न पनि सरकारको ध्यानाकर्षण गर्दछ । साथै, ग्रामीण भेगमा बाँदर, बँदेल, जंगली हाती, चितुवा, बाघ लगायतका वन्यजन्तुको आक्रमणबाट भइरहेको मानवीय तथा जैविक क्षतिको रोकथामका लागि उचित प्रबन्ध गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्दछौं ।

११. यही २०८२ कात्तिक १७ गते रूपन्देही निर्वाचन क्षेत्र नं. ३ मा प्रतिनिधिसभा र मनाङ प्रदेश ख मा प्रदेशसभा सदस्यको लागि उपनिर्वाचन हुँदैछ । उक्त दुवै स्थानमा हाम्रो पार्टीको विजयलाई सुनिश्चित गर्न यो विधान महाधिवेशन दृढसंकल्प गर्दछ । साथै,

निर्वाचन परिचालनमा उत्साहका साथ जुट्न सम्बन्धित क्षेत्रको पार्टीपंक्तिलाई हार्दिक आह्वान गर्दछ ।

१२. नेपाल प्रकृति संरक्षण र जलवायु सन्तुलनमा विशिष्ट योगदान तथा न्युनकार्बन उत्सर्जन गरेर पनि विश्वमा सबैभन्दा बढी जलवायु जोखिममा परेको मुलुक हो । तीन वर्ष अगाडि मेलम्चीमा आएको बाढी, गतवर्ष सगरमाथा क्षेत्रको थामे र हुम्लामा भएको हिमताल विस्फोटन एवं काठमाडौं उपत्यका वरिपरी आएको मुसलधारे वर्षा र त्यसले पुऱ्याएको धनजनको क्षति तथा यस वर्ष मात्र हुम्ला र रसुवा क्षेत्रमा आएको हिमताल विष्फोटन तथा बाढी पहिरो र तराई तथा मधेश क्षेत्रमा परेको खडेरीले पारेको अकल्पनीय र अपुरणीय छन् । त्यसमा पनि आर्थिक अवस्था कमजोर भएका बालबालिका, महिला, जेष्ठ नागरिक तथा अपाङ्ग समुदायहरू जलवायु परिवर्तनको कारण बढी मारमा परेका छन् । जलवायु परिवर्तन हुनमा विकसित राष्ट्रको भूमिका बढी भएको तथ्य विज्ञानले प्रमाणित गरिसेको छ । तसर्थ जलवायु परिवर्तनको समस्या समाधान गर्न पनि विकसित राष्ट्रहरूले बढी जिम्मेवारी लिनुपर्ने हुन्छ । जलवायु वित्त, जलवायु प्रविधि र क्षमता विकास लगायतका विषयमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले अझ प्रभावकारी भूमिका निर्वाह गर्नु पर्दछ । नेपाल सरकारले २०८२ साल जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा सगरमाथा संवाद ( Climate Change, Mountains and the Future of Humanity) सफलतापूर्वक आयोजना गरी नेपालको जलवायु परिवर्तनको एजेन्डालाई अन्तराष्ट्रियकरण गर्न सफल भएकोमा पार्टी सम्माननीय प्रधानमन्त्रीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छ ।

१३. नेकपा (एमाले) र नेपाली कांग्रेसबीच सम्पन्न ७ बुँदे सहमतिको आधारमा पार्टी अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा बनेको वर्तमान सरकारले चौध महिना पुरा भएको छ । दुई प्रमुख दलको सहकार्यसँगै राजनीतिक स्थायित्वको आधार निर्माण भएको छ । बराथिलएको र ओरालो लागेको अर्थतन्त्रलाई सकारात्मक पहलमार्फत लयमा फर्काइएको छ । सडक, सिँचाई, सुरूङ्ग मार्गलागायतका ठूला पूर्वाधार निर्माणको काममा गति पैदा भएको छ । आन्तरिक तथा बाह्य लगानीका लागि कानूनी तथा संरचनागत सुधार गरिएको छ । लामो समयदेखि संघीय संसदमा अड्किएका विधेयकहरूलाई पारित गरी विधायिकी काममा तीब्रता दिइएको छ । यसबीचमा प्रधानमन्त्रीको तहबाट भएका वैदेशिक भ्रमणका क्रममा (चीन, संयुक्त राष्ट्रसंघ, स्पेन, थाइल्याण्ड, तुर्कमिनास्तान) दुईपक्षीय तथा बहुपक्षीय मञ्चमा प्रधानमन्त्रीको संबोधनले

विश्वमा नेपाल देखिने र सुनिने भएको छ । सहकारीलगायत वित्तीय क्षेत्रमा बचतकर्ताहरूको सुरक्षा र आर्थिक अपचलन गर्नेहरू माथि छानविन तथा कानूनी कारबाहीको प्रक्रिया अघि बढाइएको छ । सुशासन प्रबर्द्धनमा जोड दिइएको छ । भूमिसम्बन्धी ऐनको संशोधनमार्फत् दशौं लाखको संख्यामा रहेका भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानको पहल सुरू भएको छ । श्रमिकहरूको न्यूनतम ज्यालामा बृद्धि गरिएको छ । प्रतिगामी तथा प्रतिक्रियावादी तत्वहरूको संविधान र व्यवस्थाविरोधी हर्कतहरूलाई निस्तेज गरी लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणमा जोड दिइएको छ । समग्रतामा गएको १४ महिनामा प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा सरकारले गरेका सकारात्मक कार्यहरूप्रति हाम्रो पार्टी गर्व गर्दछ । आर्थिक सुधार, विकास निर्माणमा तीब्रता, जनगुनासोको सम्बोधन, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रबर्द्धन तथा लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, गौतम बुद्ध भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुचारू गर्न, अझ प्रभावकारी कदम चाल्न यो महाधिवेशन नेपाल सरकारको ध्यानाकर्षण गर्दछ । प्रतिस्पर्धा, सहकार्य र सहअस्तित्वमा आधारित राष्ट्रिय शक्ति निर्माणको सन्दर्भमा ७ बुँदे सहमतीले दुई पार्टीबीचको सहकार्यको सान्दर्भिकतालाई पुष्टि गरेको छ । हाम्रो पार्टी उक्त सहमतिअनुसार अघि बढ्न प्रतिबद्ध छ ।

१४. भूमि उपयोगको स्थिर नीतिको अभाव, कृषिको यान्त्रिकीकरण तथा व्यवसायीकरणको अभाव, समयमै गुणस्तरीय मल तथा बिउ प्राप्त नहुनु, सिँचाईको पर्याप्तता नहुनु, वास्तविक किसानलाई कृषि उपजको उचित मूल्य प्राप्त नहुनु, कृषि व्यापारमा बिचौलियाहरू हाबी हुनुजस्ता समस्याले कृषिको उत्पादकत्व बढ्नसकेको छैन । कृषि क्षेत्रका उपरोक्त समस्याको दीर्घकालीन समाधान गर्दै सुनकोसी मरिन, भेरी बबई, बागमती-कमला, गण्डक, महाकाली, कोशी, तमोर-चिसाङ् जस्ता सिँचाई आयोजनाको निर्माण कार्य सम्पन्न गरी तराई/मधेशमा बाह्रै महिना सिँचाई पुऱ्याउन यो विधान महाधिवेशन नेपाल सरकारसमक्ष माग गर्दछ । साथै चुरे संरक्षणको प्रभावकारी योजनामार्फत् तराई-मधेसको ईकोसिस्टमको रक्षा गर्न समेत सरकारको ध्यानाकर्षण गर्दछ । दुग्ध तथा उखु किसानहरूको बक्यौता तत्काल चुक्ता गर्न माग गर्दछ ।

१५. हाम्रो पार्टी आमनेपाली जनसमुदायलाई र विषेशगरी नेकपा (एमाले)का पार्टी सदस्यहरूलाई श्रम र उत्पादनको कार्यमा जोडिँदै स्वरोजगार र व्यावसायिक बन्ने अभियानमा सक्रियतापूर्वक भाग लिन हार्दिक आह्वान गर्दछ । साथै, हाम्रै पार्टीको नेतृत्वमा सुरू

गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पार्टीको सम्पूर्ण पंक्ति तथा आम जनसमुदायलाई हार्दिक आह्वान गर्दछ ।

१६. संघीयता कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका विद्यालय शिक्षा ऐन, संघीय निजामती सेवा ऐन, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसम्बन्धी ऐन समयमै निर्माण हुन नसक्दा सेवा प्रवाह र शासकीय क्षेत्रमा थुप्रै जटिलता उत्पन्न भएका छन् । तसर्थ हामी संघीय संसदमा रहेका उपरोक्त विधेयकहरूलाई यथाशीघ्र पारित गर्न सम्बद्ध सबै दल र सांसदहरूको गम्भिर ध्यानाकर्षण गर्दछौं ।

१७. वर्तमान सरकार गठनपूर्व नेकपा (एमाले) र नेपाली कांग्रेस बीचमा हस्ताक्षर भएको ७ बुँदे सहमतिमा वर्तमान संविधानको सबल र दुर्बल पक्षको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने र तदनुकूलका कानुन निर्माण गर्ने विषय उल्लेख गरिएको छ । त्यसयता संविधान संशोधनका सन्दर्भमा राष्ट्रिय बहस चलिरहेको छ । तसर्थ हाम्रो पार्टी उपरोक्त प्रतिवबद्धताअनुरूप संविधानको समीक्षा र संशोधनका कामहरू तत्काल थालनी गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्दछ । साथै, यस काममा सकारात्मक सहयोगका लागि सबै राजनीतिक दल तथा आम जनसमुदायलाई हार्दिक आह्वान गर्दछ ।

१८. सदियौंदेखि चल्दै आएका अन्धविश्वास तथा रूढिवादी परम्परा र चिन्तनका कारण अहिले पनि दलित तथा महिला समुदायले यदाकादा विभेद र उत्पीडनको सिकार हुनुपरेको छ । हालै अछाम पञ्चदेवल बिनायक नगरपालिकाको छाउगोठ भत्किदा बबिता भण्डारी र उनको नाबालक छोरीको अकालमा मृत्यु र केही समय अगाडि कञ्चनपुरको छाउगोठमा बसेकी महिलाको सर्पको टोकाइबाट मृत्युले हामी सबैलाई स्तब्ध बनाएको छ । हाम्रो पार्टी सबै प्रकारका सामाजिक, साँस्कृतिक तथा लैङ्गिक विभेद र उत्पीडनलाई अन्त्य गरी सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्न प्रतिबद्ध छ । हामी आवश्यक जनचेतना तथा कानुनको कार्यान्वयनमार्फत सामाजिक तथा लंङ्गिक विभेद र उत्पीडनलाई अन्त्य गर्न सरकारी तथा गैरसरकारी निकायको सक्रियताका लागि अपिल गर्दछौं ।

१९. जनसांख्यिक संरचनाअनुरूप युवा, महिला, श्रमिक, जनजाति, मधेसी, मुस्लिम, थारू, अल्पसंख्यक, पिछडिएको क्षेत्र, अपाङ्गता भएका समुदाय, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायतको बीचमा व्यापक रूपमा पार्टी सदस्य विस्तारमा ध्यान दिन यो महाधिवेशन पार्टीपंक्तिलाई आह्वान गर्दछ ।

२०. यो महाधिवेशन जातपात र छुवाछूत व्यवस्थाको याथाशीघ्र अन्त्यका लागि ठोस कार्ययोजनासहित "छुवाछुत फालौं, समाज बदलौं" भन्ने नाराकासाथ समाजमा रहेको जातीय विभेद र छुवाछूतलाई अन्त्य गर्न र दलित समुदायको प्रतिनिधित्व बृद्धि, स्रोत साधनमा पहुँच, सम्मान र सचेतनताका क्षेत्रमा ठोस पहल गर्न यो दोस्रो विधान महाधिवेशन देशव्यापी जागरण अभियान सञ्चालन गर्ने दृढ संकल्प गर्दछ ।

२१. हालै मित्रराष्ट्र भारत र चीनले लिपुलेक पासमार्फत् दुई देशले व्यापार गर्ने भन्ने सहमतिप्रति हाम्रो पार्टी गम्भीर असहमति व्यक्त गर्दछ । दुवै मित्रराष्ट्रहरूलाई उक्त सहमतिबाट पछि हट्न अपिल गर्दछ । उच्च कुटनीतिक पहलकदमीमार्फत् उक्त समस्या समाधान गरी काली नदी पूर्व नेपालको हक स्थापित गर्न नेपाल सरकारलाई माग गर्दछौं । अतिक्रमित भूमिसँगै जोडिएका छाँगरू र तिंकरका जनतालाई राष्ट्रिय मुलधारमा जोड्न सडक, यातायात, शिक्षा, स्वास्थ्य लगायत पूर्वाधार निर्माण, खाद्य व्यवस्था, रोजगारीलगायत जनजीविकाका सवालहरूलाई योजनाबद्ध रूपले कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष माग गर्दछ ।

२२. प्रवासमा रहेका नेपालीहरूको हक, अधिकार र सम्मानका लागि हाम्रो पार्टी निरन्तर प्रयत्नशील छ । गैरआवासीय नेपाली संघ, प्रवासी नेपाली मञ्चलगायतका संघ/संगठनहरूले उठाउँदै आएका मागप्रति हाम्रो पार्टीको ऐक्यबद्धता रहेको छ । यसैक्रममा प्रवासी नेपालीहरूको हक, अधिकार, पुँजी, प्रविधि र सीपको हस्तान्तरण, देशभित्र लगानी, नेपाली पहिचानको निरन्तरता, मतदानसम्बन्धी व्यवस्था लगायतका विषयलाई समेटेर गैरआवासी नेपालीसम्बन्धी कानुन निर्माण गर्न यो महाधिवेशन नेपाल सरकारसमक्ष माग गर्दछ । विभिन्न मुलुकमा रहेका कुटनीतिक नियोगहरूलाई प्रवासी नेपालीहरूको समस्या समाधानका लागि अधिकतम् पहल गर्न ध्यानाकर्षण गर्दछ ।

२३. २०८२ कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दू भएर गएको भूकम्पले जाजरकोट, रूकुमपश्चिम लगायतका जिल्लामा निकै ठूलो जनधनको क्षति गरेको थियो । तत्कालै नेकपा (एमाले)का तर्फबाट एक हजार स्वयंसेवक परिचालन गरी पीडितहरूको उद्धार, राहत र अस्थायी आवास बनाउने काम गरिएको थियो । नेकपा (एमाले) अध्यक्षको नेतृत्वमा सरकार बनेपछि भूकम्प पीडितहरूलाई राहत दिन लाभग्राहीहरूको पहिचानका लागि DDA गर्ने तथा कानुन बनाई पुनर्मिाणको काम अघि बढाउन थालिएको छ । यो विधान महाधिवेशन पुननिर्माणको काम तत्काल सम्पन्न गर्न नेपाल सरकारसमक्ष माग गर्दछ ।

२४. हाम्रो पार्टी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध छ । प्रविधिको विकास र निरन्तरको अन्वेषण सँगै सूचनाका साधन र माध्यमहरूमा व्यापक विविधता देखापरेका छन् । सूचना क्रान्तिले ल्याइएको परिवर्तनलाई नेपाली समाजको रूपान्तरण, समृद्धि र राष्ट्रिय एकताको हितमा उपयोग गर्नुपर्दछ । पछिल्ला दिनमा सामाजिक सञ्जाल तथा सूचनाका माध्यमको भद्दा प्रयोगबाट उत्पन्न नकरात्मकतावादको प्रभावप्रति हामी चिन्तित छौं । यसक्रममा सम्मानित सर्वोच्च अदालतले दिएका निर्देशन समेतलाई ध्यान दिँदै सामाजिक सञ्जाल, साईबर सुरक्षा, एआईको प्रयोग, विद्युती कारोबार तथा ड्रोनको सञ्चालन र उपयोगका सम्बन्धमा कानुन निर्माण गर्न नेपाल सरकारसँग माग गर्दछौं ।

२५. दक्षिण एशियामा शान्ति, विकास र आर्थिक समृद्धिको निम्ति एकआपसमा सद्भाव, सहयोग र सहकार्यका लागि सार्क र विमस्टेकजस्ता उपक्षेत्रीय संस्थाहरूको क्रियाशीलता आवश्यक छ । तसर्थ, दक्षिण एसियामा लामो समयदेखि परम्परागत वैमनस्यता र द्वन्द्वलाई अन्त्य गर्न भारत र पाकिस्तानलाई यो महाधिवेशन हार्दिक आह्वान गर्दछ । साथै, २०८२ वैशाख १९ गते भारतको पहलगाममा भएको आतंकवादी हमलाको हाम्रो पार्टी निन्दा तथा भर्त्सना गर्दछ । साथै उक्त आक्रमणमा जीवन गुमाउने नेपाली युवा सुदीप न्यौपाने लगायतप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछ ।

२६. फेब्रुअरी २०२२ बाट सुरू भएको रूस र युक्रेन बीचको युद्ध मानवताका लागि गम्भीर विषय भएको छ । यो युद्धमा हालसम्म दसौं हजारौंको संख्यामा मानिसहरूको ज्यान गएको छ । रूस-युक्रेन युद्धका कारण सिर्जित ध्रुवीकरणले विश्व व्यवस्थामा नै खतरा उत्पन्न भएको छ । हामी कुनै पनि समस्याको समाधान युद्धबाट होइन वार्ताबाट हुन्छ भन्ने मान्यता राख्दछौं । तसर्थ संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानूनहरूको पालना गर्दै सम्बद्ध पक्षहरूका बीचमा वार्ताका माध्यमबाट समस्या समाधान गर्नका लागि यो महाधिवेशन जोडदार माग गर्दछ ।

२७. इजरायल-प्यालेस्टाइनबीच दुई वर्ष अगाडिदेखि चर्किएको द्वन्द्वले साठी हजारभन्दा बढीको ज्यान लिएको छ भने लाखौं घाइते र विस्थापित भएका छन् । खाद्य, आवास, औषधि लगायतको संकट उत्पन्न भएको छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, घाइतेहरूको जीवन झन् कष्टकर बनेको छ । समग्रतामा मानवीय संकट उत्पन्न भएको छ । हाम्रो पार्टी सबैखाले आतंकवादी हमलाको निन्दा तथा भर्त्सना गर्दछ । युद्ध अन्त्यका लागि

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

संयुक्त राष्ट्रसंघले पटकपटक पास गरेका 'दुई राज्य समाधान'को संकल्पहरूलाई आधार मानेर शान्तिपूर्ण वार्ताका माध्यमबाट ईजरायली-प्यालेस्टाइन समस्याको समाधान गर्न हार्दिक अपिल गर्दछ । साथै, ७ अक्टोबर, २०२३ देखि हमासद्वारा अपहरित निर्दोष नेपाली युवा विपीन जोशीलाई तुरून्त रिहा गर्न अन्तर्राष्ट्रिय समुदायसँग जोडदार माग गर्दछ । यसका लागि प्रभावकारी कुटनीतिक पहल गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

२८. हालै चीनमा सम्पन्न सांघाई सहयोग संगठन (SCO) को २५औं शिखर सम्मेलनमा आदरणीय पार्टी अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको, संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानून, विश्व शान्तिको मान्यता, असंलग्नता, पञ्चशीलका सिद्धान्तसँगै, बहुध्रुवीयता र बहुपक्षीयताको विचारले अन्तर्राष्ट्रिय जगतमा नेपाल विगतभन्दा प्रभावकारी ढंगले सुनिन र देखिने राष्ट्र बन्नपुगेको छ । पार्टी अध्यक्षले अघि सार्दै आउनुभएको 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' भन्ने नीतिले नेपालको परराष्ट्र सम्बन्धलाई भविष्यमा सार्थक दिशानिर्देश गर्नेछ । हामी यसप्रति गर्वबोध गदर्छौं ।

२९. यस महाधिवेशनलाई भव्यरूपमा सफल पार्न पुऱ्याउनुभएको योगदानका लागि नेकपा (एमाले) ललितपुर जिल्ला कमिटी र मातहत कमिटीहरू, जिल्लाका जनप्रतिनिधिहरू, गोदावरी नगरपालिका, स्थानीय बासिन्दा, जनजसंगठनहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी, कलाकर्मी, प्राविधिक मित्रहरू, भान्सा र आवासमा सहयोग पुऱ्याउने साथीहरू, सवारी चालकहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछ । महाधिवेशनको सुव्यवस्थाका लागि अहोरात्र खट्ने स्वयंसेवकहरूको उच्च प्रशंसा गर्दछ ।

**राजेन्द्र गौतम**
**प्रमुख**
**केन्द्रीय प्रचार तथा प्रकाशन विभाग**